# शोधभर्ना हुने वैदेशिक श्रोतको बजेट निकासा फुकुवा तथा आयोजना लेखा सिफारिस कार्यविधि, २०७५/०७६

## १) प्रथम चौमासिक निकासा प्रकृया :

१.१ बैदेशिक श्रोत नगद ऋण तथा अनुदान (Pre-Funding) बाहेकको भुक्तानी/निकासा दिन यस कार्यालयको फुकुवा आदेश आवश्यक नपर्ने तर नयाँ आयोजनाको सम्बन्धमा आयोजना सञ्चालनको लागि नेपाल सरकार र दातृ निकाय बीच ऋण वा अनुदान सम्झौता भई ऋण वा अनुदान सम्झौता कार्यन्वयन (Effective) भई सकेको हुनुपर्नेछ । चालु आयोजनाको हकमा भने प्रथम चौमासिक अवधिसम्म ऋण वा अनुदानको म्याद बाँकी भएको हुनुपर्नेछ ।

## २) दोश्रो चौमासिक फुकुवा प्रकृया :

२.१ संचालनमा रहेका कार्यक्रम/आयोजनाको आ.व. २०७४।०७५ सम्मको शोधभर्ना लिन बाँकी सबै ( ऋण र अनुदान) रकम शोधभर्ना प्राप्त भैसकेको हुनुपर्नेछ तर उक्त रकम दातृ निकायबाट तत्काल शोधभर्ना प्राप्त नभएको भए पनि निकासा फुकुवा गर्नुपर्ने अवस्थामा अर्थ मन्त्रालयबाट शोधभर्ना बक्यौता रहे पनि श्रोत फुकूवा गरी दिन भनि सिफारिस भै आउनु पर्नेछ । सिफारिस भई आएमा सिफारिस संगै शोधभर्ना प्राप्त नहुनाका कारण सहित सम्बन्धित आयोजना/निकायका प्रमुख तथा आर्थिक प्रशासन प्रमुखले तोकिएको अवधिभित्रै शोधभर्ना माग गरी प्राप्त भएको व्यहोरा यथासिघ्र जानकारी गराउने लिखित प्रतिवद्धता पश्चात निकासा फुकुवा गरिनेछ ।

शोधभर्ना हुने रकमको फुकुवा माग गर्ने आयोजना/निकायले शोधभर्ना प्राप्तिको विवरण अनुसूची १ बमोजिमको ढाँचा र दोस्रो चौमासिक फुकुवाको Checklist अनिवार्य पेश गर्नु पर्नेछ ।

२.२ सम्बन्धित आयोजनाहरुले दातृ निकायले निर्दिष्ट गरेको ढाँचामा आ.व. २०७४/७५ को आयोजना लेखा (लेखापरीक्षण नभएको) पेश गरेको हुनु पर्नेछ । आयोजना लेखा (लेखापरीक्षण नभएको) पेश गर्न नपर्ने आयोजनाहरुले दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निकासा खर्चको एकिकृत वित्तिय विवरण पठाएको जानकारी सहित वित्तिय विवरण पेश गर्नु पर्नेछ ।

२.३ Implementation Progress Report (IPR) र Financial Monitoring Report (FMR)प्रणालीबाट शोधभर्ना हुने आयोजना/निकायहरुले आ.व. २०७४/७५ को तेश्रो चौमासिकसम्मको प्रतिवेदन पठाएको प्रति पेश गर्नुपर्नेछ । निकासा माग गरेको मितिमा प्रथम चौमासिक अवधिको IPR/FMR पठाउने मिति (चौमासिक अबधि समाप्त भएको ४५ दिन भित्र) नाघेको भए प्रथम चौमासिक अवधिको IPR/FMR दातृ निकायलाई पेश गरी यस कार्यालयलाई एक प्रति पेश गर्नुपर्नेछ ।

२.४ थ्रेसहोल्ड रकम पुगिसकेको शोधभर्ना लिनु पर्ने रकमको तुरुन्त शोधभर्ना वा कोषपूर्तिको लागि दातृ निकायमा मागपत्र (Withdrawl Application) पठाई सो को एक प्रति महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।



उप-महालेखा नियन्त्रक

२.५ आ.व. २०७४/७५ को तेस्रो चौमासिक सम्ममा महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार शोधभर्ना श्रोतमा खर्च देखिएको तर दातृ निकायसँगको सम्झौताको शर्त अनुसार तत्काल दातृ निकायबाट शोधभर्ना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदि रकम वास्तविक रुपमा खर्च भैनसकेको कारणले शोधभर्ना तत्काल प्राप्त हुन नसक्ने आयोजना/कार्यक्रमको हकमा त्यस्तो रकम यकिन गरी सो को प्रतिवेदन सहित सम्बन्धित मन्त्रालयबाट फुकुवा सिफारिश भै आएको हुनु पर्नेछ ।

२.६ दातृ निकायबाट सम्झौता अनुसारको सबै शोधभर्ना प्राप्त भएको तर बैंकले कमिशन लिदा महालेखा नियन्त्रक कार्यालयको केन्द्रीय खातामा सोही रकम घटि हुन गएमा बैंकले कमिशन लिएको पुष्ट्याइ हुने विवरण सहित सम्बन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भइ आएको हुनु पर्नेछ ।

२.७ निकासा लिइ आयोजनाबाट खर्च नभएको रकम वा अन्य कुनै कारण बेरुजु खातामा दाखिला गरेको रकमको बैंक भौचर पेश गर्नु पर्नेछ ।

२.८ बजेटमा स्रोतगत बाँडफाँड फरक भै खर्च भएको तर दातृ निकायसँगको सम्झौता अनुसार शोधभर्ना प्राप्त हुन नसक्ने, शोधभर्ना स्रोतबाट खर्च भै वक्यौता हिसाबमा शोधभर्ना लिन बाँकी देखिएको रकम आ.व. २०७३/७४ सम्मको भए श्रोतान्तर भै हिसाब मिलान भैसकेको हुनु पर्ने र आ.व. २०७४।०७५ को भए अर्थ मन्त्रालयमा श्रोतान्तरको लागि पेश भएको पत्रको बोधार्थ वा प्रतिलिपी पेश गर्नु पर्नेछ ।

२.९ नयाँ सम्झौता भएको आयोजनाको हकमा दातृ निकायसँग भएको सम्झौताको प्रति (Financing Agreement, Disbursement Letter, Project Appraisal Document) वा यस्तै सम्झौतासँग सम्बन्धित कागजातहरु पेश गर्नु पर्नेछ ।

२.१० आ.व.२०७५/७६ को बजेट अख्तियारी/LMBIS, स्वीकृत कार्यक्रम, जिल्लागत बाँडफाँड हुनेमा जिल्लागत र स्रोतगत बाँडफाँड पेश गर्नु पर्नेछ ।

२.११ आयोजनाको सम्झौताको म्याद, सम्झौतामा शोधभर्ना रकमको बजेट, बजेट मध्येको हालसम्मको खर्च, सो मध्ये शोधभर्ना भएको र शोधभर्ना बाँकी रकम स्पष्ट हुने गरी आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २८ बमोजिम अनुसूची ४ को विवरण र नियम ३७ (५) बमोजिम आ.व. २०७४/०७५ को तेश्रो चौमासिकसम्मको अनुसूची-८ को प्रतिवेदन पेश गर्नु पर्ने ।

२.१२ आयोजनाको नाममा खोलिएको विशेष खाताको हिसाब Reconciliation Statement र Bank Statement को प्रति मासिक रुपमा प्राप्त भएको हुनु पर्ने ।

२.१३ यस आ.व. मा रकमान्तर/श्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र श्रोतगत अख्तियारी/LMBIS र कार्यक्रम समायोजन भैसकेको हुनु पर्ने ।

२.१४ महालेखा नियन्त्रक कार्यालय, शोधभर्ना शाखामा रहेको आयोजनागत/स्रोतगत शोधभर्ना वक्यौता हिसाबसँग आयोजनाको हिसाब भिडान भई अद्यावधिक भएको हुनु पर्नेछ ।



उप-महालेखा नियन्त्रक

३.१५ Disbursement Linked Indicator-DLI मा आधारित आयोजना/कार्यक्रमहरुको हकमा Progress Report/ DLI Rotation Plan सहित Project Agreement बमोजिमको बिवरण अनिवार्य पेश गर्नु पर्नेछ ।

३.१६ Retroactive Financing भएका आयोजना/कार्यक्रम हरुको हकमा कुल आयोजना/कार्यक्रम लागत, Retroactive Financing अनुपात/प्रतिशत र शोधभर्ना हुने गरी भएको जम्मा खर्च खुलाई पेशगर्नु पर्नेछ ।

२.१७ निकासा फुकुवा दिने मितिमा सम्झौता अनुसार दातृ निकायमा आयोजना लेखा (Audited) बुझाउनु पर्ने अवधि नाघिसकेको भए आयोजना लेखा (Audited) बुझाएको हुनु पर्ने ।

२.१८ नेपाल सरकार र दातृ निकाय बीच मूल सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले शोधभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण संझौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको अवस्थामा उक्त रकमको हिसाबको प्रमाणित विवरण पेश गरी सो रकम कट्टा गरी मात्र निकासा फुकुवा गरिनेछ ।

२.१९ आयोजना संचालन गर्ने निकायमा आ.व.२०७४।७५ मा र सो भन्दा अगाडि नै बन्द भएका आयोजना भए त्यस्ता बन्द आयोजनाको शोधभर्ना बांकी रकम फरफारक गरी प्रगति पेश गर्नु पर्नेछ ।

## ३. तेश्रो चौमासिक फुकुवा प्रकृया :

३.१ चालु आर्थिक २०७५/०७६ को प्रथम चौमासिकसम्मको वैदेशिक सहायताबाट संचालित आयोजनाहरुमा शोधभर्ना हुने वैदेशिक श्रोत (ऋण तथा अनुदान)मा भएको खर्च दातृ पक्ष/निकायबाट शोधभर्ना प्राप्त गरिसकेको विवरण पेश हुनु पर्नेछ । तर उक्त रकम दातृ निकायबाट तत्काल शोधभर्ना प्राप्त नभएको भए पनि निकासा फुकुवा गर्नुपर्ने अवस्थामा अर्थ मन्त्रालयबाट शोधभर्ना बक्यौता रहे पनि श्रोत फुकूवा गरी दिन भनि सिफारिस भै आउनु पर्नेछ । सिफारिस भई आएमा सिफारिस संगै शोधभर्ना प्राप्त नहुनाका कारण सहित सम्बन्धित आयोजना/निकायका प्रमुख तथा आर्थिक प्रशासन प्रमुखले तोकिएको अवधिभित्रै शोधभर्ना माग गरी प्राप्त भएको व्यहोरा यथासिघ्र जानकारी गराउने लिखित प्रतिवद्धता पश्चात निकासा फुकुवा गरिनेछ ।

शोधभर्ना हुने रकमको फुकुवा माग गर्ने आयोजना/निकायले शोधभर्ना प्राप्तिको विवरण अनुसूची २ बमोजिमको ढाँचा र तेस्रो चौमासिक फुकुवाको Checklist अनिवार्य पेश गर्नु पर्नेछ ।

३.२ सम्बन्धित आयोजनाहरुले दातृ निकायले निर्दिष्ट गरेको ढाँचामा आ.व. २०७४/७५ को आयोजना लेखा (लेखा परीक्षण भएको) दातृ निकायमा पेश गरि सकेको हुनु पर्ने । आयोजना लेखा ( लेखा परीक्षण भएको) पेश गर्नु नपर्ने आयोजनाहरुले दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यकमको निकासा खर्चको एकिकृत वित्तिय विवरण पठाएको जानकारी वा वित्तिय विवरण पेश गर्नुपर्नेछ ।

३.३ Implementation Progress Report (IPR) र Financial Monitoring Report (FMR)प्रणालीबाट शोधभर्ना हुने आयोजना/निकायहरुले आ.व.२०७५/७६ को प्रथम चौमासिकको



उप-महालेखा नियन्त्रक

IPR/FMRअनुसार शोधभर्ना हुने गरी भएको खर्च रकम शोधभर्ना प्राप्त भैसक्नु पर्ने । निकासा माग गरेको मितिमा दोश्रो चौमासिक अवधिको IPR/FMR पठाउने मिति (चौमासिक अवधि समाप्त भएको ४५ दिन भित्र) नाघेको भए दोश्रो चौमासिक अवधिको IPR/FMRदातृ पक्ष/निकायलाई पेश गरी यस कार्यालयलाई एक प्रति पेश वा जानकारी गर्नु पर्नेछ ।

३.४ थ्रेसहोल्ड रकम पुगिसकेको शोधभर्ना लिनु पर्ने रकमको तुरुन्त शोधभर्ना वा कोषपूर्तिको लागि दातृ निकायमा मागपत्र (Withdrawl Application) पठाई सो को एक प्रति महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

३.५ महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार शोधभर्ना श्रोतमा खर्च देखिएको तर दातृ निकायसँगको सम्झौताको शर्त अनुसार तत्काल दातृ निकायबाट शोधभर्ना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदि रकम वास्तविक रुपमा खर्च भैनसकेको कारणले शोधभर्ना तत्काल प्राप्त हुन नसक्ने आयोजना/कार्यक्रमको हकमा त्यस्तो रकम यकिन गरी सो को प्रतिवेदन सहित सम्बन्धित मन्त्रालयबाट फुकुवा सिफारिश भै आएको हुनु पर्नेछ ।

३.६ दातृ निकायबाट सम्झौता अनुसारको सबै शोधभर्ना प्राप्त भएको तर बैंकले कमिशन लिदा महालेखा कार्यालयको केन्द्रीय खातामा कमिशन बराबरको रकम घटि हुन गएमा बैंकले कमिशन लिएको पुष्ट्याइ हुने विवरण सहित सम्बन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भइ आएको हुनुपर्ने र सो रकम श्रोतान्तरको लागि अर्थ मन्त्रालयमा पेश गरेको हुनु पर्नेछ ।

३.७ निकासा लिइ आयोजनाबाट खर्च नभएको रकम वा अन्य कुनै कारण बेरुजु खातामा दाखिला गरेको रकमको बैंक भौचर पेश गर्नु पर्नेछ ।

३.८ यस आ.व. मा रकमान्तर/श्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र श्रोतगत अख्तियारी/LMBIS र कार्यक्रम समायोजन भैसकेको हुनु पर्नेछ ।

३.९ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७(२) (घ) अनुसार चालु आ.व. को दोस्रो चौमासिकसम्मको शोधभर्ना तर्फको रकम र श्रोतगत रुपमा फरक पारी खर्च भएको वा Joint Financing Agreement अनुसार संसोधन गरी वजेट मिलान गर्नु पर्ने भए सो समेत सोही नियमावलिको नियम ३८(१) अनुसार अर्थ मन्त्रालयबाट नियमित भईसकेको अर्थ मन्त्रालयको पत्र प्राप्त भईसकेको हुनु पर्नेछ ।

३.१० आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २८ बमोजिम अनुसूची ४ को विवरण र नियम ३७ (५) वमोजिम चालू आ.व. २०७५/७६ को प्रथम चौमासिकसम्मको अनुसूची-८ को प्रतिवेदन पेश गर्नु पर्नेछ ।

३.११ आयोजनाको नाममा खोलिएको विशेष खाताको हिसाब Reconciliation Statement र Bank Statement को प्रति मासिक रुपमा प्राप्त भएको हुनु पर्नेछ ।



उप-महालेखा नियन्त्रक

३.१२ चालू आ.व. २०७५/७६ को दोस्रो चौमासिक सम्मको शोधभर्ना अभिलेख महालेखा नियन्त्रक कार्यालय, शोधभर्ना शाखामा रहेको आयोजनागत/स्रोतगत अभिलेखसँग भिडान भई अद्यावधिक भएको हुनुपर्नेछ ।

३.१३ Disbursement Linked Indicator-DLI मा आधारित आयोजना/कार्यक्रमहरुको हकमा Progress Report/ DLI Rotation Plan सहित Project Agreement बमोजिमको विवरण अनिवार्य पेश गर्नुपर्नेछ ।

३.१४ Retroactive Financing भएका आयोजना/कार्यक्रम हरुको हकमा कुल आयोजना/कार्यक्रम लागत, Retroactive Financing अनुपात/प्रतिशत र शोधभर्ना हुने गरी भएको जम्मा खर्च खुलाई पेशगर्नु पर्नेछ ।

३.१५ नेपाल सरकार र दातृ निकाय बीच मूल सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले शोधभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण संझौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको अवस्थामा उक्त रकमको हिसाबको प्रमाणित विवरण पेश गरी सो रकम कट्टा गरी मात्र निकासा फुकुवा गरिनेछ ।

३.१६ आयोजना संचालन गर्ने निकायमा आ.व.२०७४।७५ मा र सो भन्दा अगाडि नै बन्द भएका आयोजना भए त्यस्ता बन्द आयोजनाको शोधभर्ना बांकी रकम फरफारक गरी प्रगति पेश गर्नु पर्नेछ ।

उप-महालेखा नियन्त्रक

## आयोजना लेखा सिफारिस गर्ने सम्बन्धमा

(१) बैदेशिक स्रोत समावेश भएका आयोजनाहरुको दातृ निकायमा पेश गरिने आयोजना लेखाको सम्बन्धमा सामान्यतया लेखापरीक्षण नभएको आयोजना लेखा (Un-Audited Project Account) कार्तिक मसान्त भित्र र लेखापरीक्षण भएको आयोजना लेखा (Audited Project Account) पौष मसान्त भित्र पेश गरि सक्नुपर्नेछ। सम्बन्धित दातृ निकायसँग भएको सम्झौतामा लेखापरीक्षण भएको र नभएको आयोजना लेखा पेश गर्ने समयावधिका सम्बन्धमा छुट्टै व्यवस्था भएको छ भने सोही बमोजिम पेश हुनुपर्नेछ।

(२) आयोजना लेखा प्रमाणित/सिफारिसको लागि यस कार्यालयमा पठाउँदा सम्बन्धित मन्त्रालयका सचिव र आर्थिक प्रशासन शाखा प्रमुखको दस्तखत गरी पेश गर्नुपर्ने। सम्बन्धित मन्त्रालयले आयोजना लेखा प्रमाणित/सिफारिसका लागि यस कार्यालयमा पत्र पठाउँदा बजेट उप-शिर्षक, आयोजनाको नाम, ऋण/अनुदान नम्वर र माथि बुदा नं. १ मा उल्लेखित समयमा पेश गर्न नसकेको भए सो को उचित कारण समेत उल्लेख गर्नुपर्नेछ।

(३) एउटै बजेट उप-शिर्षकबाट दुई वा दुई भन्दा बढी आयोजनाहरुले निकासा/खर्च गर्ने व्यवस्था भएमा सम्बन्धित मन्त्रालय, आयोजना वा समन्वय कार्यालयले एकीकृत आयोजना लेखा पेश गर्नु पर्नेछ। ऋण तथा अनुदान सम्झौता अनुसार एकीकृत आयोजना लेखा पेश गर्न नपर्ने भएमा सम्बन्धित मन्त्रालय, आयोजना वा समन्वय कार्यालयले मातहतका आयोजनाबाट विवरण माग गरी आयोजनाको शोधभर्ना बाँकी, विनियोजित बजेट, निकासा/खर्च, शोधभर्ना प्राप्ती रकम स्पष्ट हुने गरी बजेट कार्यन्वयन शाखा शोधभर्ना ईकाइमा एकीकृत वित्तीय विवरण अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(४) सम्बन्धित निकाय/आयोजनाबाट प्रमाणित वा सिफारिसको लागी पेश भएका आयोजना लेखामा दातृ निकायबाट वस्तुगत सहायता तथा सोझै भुक्तानी अन्तर्गत प्राप्त भएका सबै रकमहरुको उल्लेख गर्नुपर्नेछ। यस्ता रकमहरु महालेखा नियन्त्रक कार्यालयको एकल खाता कोष प्रणालीमा लेखाङ्कन गरेर मात्र उल्लेख गर्नुपर्नेछ।

(५) आयोजनाबाट प्रमाणित वा सिफारिसको लागी पेश भएका आयोजना लेखा यस कार्यालयमा रहेको अभिलेखसँग भिडान गरी उक्त आयोजना लेखा भिडान भएको र अन्य शर्तहरु पूरा भएको अवस्थामा आयोजना लेखा प्रमाणित वा सिफारिस गर्न अनुमानित कम्तिमा ३ दिन लाग्ने हुँदा सोही अनुसार समय तालिका मिलान गर्नुपर्नेछ।

| सम्बन्धित मन्त्रालय | |
|---|---|
| आयोजनाको नाम : | |
| बजेट उपशिर्षक नं. | |

मिति २०७५।४।६ को निर्णय अनुसार दोश्रो चौमासिकको शोधभना श्रोत फुकुवा हुन आवश्यक बुदाहरुको Checklist

| कार्यबिधिको बुदा न. | कार्य बिधिको बिबरण | छ | छैन | अन्य/कैफियत | आवश्यक नपर्ने |
|---|---|---|---|---|---|
| २.१ | आ.व. २०७४।०७५ सम्मको शोधभना लिन बाँकी सबै रकम शोधभर्ना प्राप्त भैसकेको हुनुपर्ने । सो नभएमा अर्थ मन्त्रालयबाट शोधभना बक्यौता रहे पनि श्रोत फुकूवा दिन सिफारिस भै आउनु पर्ने । | | | | |
| | श्री अर्थ मन्त्रालयको प.स. च.न. मिति (भए) | | | | |
| २.२ | आ.व.२०७४।०७५ को आयोजनाहरुले दातृ निकायले निर्दिष्ट गरेको आयोजना लेखा (लेखा परिक्षण नभएको) पेश भएको हुनु पर्ने । | | | | |
| | आयोजना लेखा (लेखा परीक्षण भएको) पेश गर्नु नपर्ने दातृ निकायहरुको स्रोत तर्फको हकमा दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निकासा खर्चको एकिकृत विवरण पठाएको जानकारी र विवरण पेश भएको हुनुपर्ने। | | | | |
| २.३ | IPR/FMR दातृनिकायलाई पेश भएकोमा यस कार्यालयलाई एक प्रति प्राप्त हुनु पर्ने । | | | | |
| २.४ | शोधभना वा कोषपुर्तिको लागि माँग पत्र/ FMR दातृ निकायमा पठाएकोमा सो को एक प्रति महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने | | | | |
| २.५ | दातृ निकायबाट शोधभना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदि रकम भएमा सम्बन्धित मन्त्रालयबाट फुकुवा सिफारिश भै आएको हुनुपर्ने । | | | | |
| २.६ | बैंकले कमिशन लिएको भए सो पुष्ट्याइ हुने विवरण सहित सम्बन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भइ आएको हुनु पर्नेछ । | | | | |
| २.७ | बेरुजु खातामा दाखिला गरेको रकमको बैंक भौचर पेश गर्नु पर्नेछ । | | | | |
| २.८ | आ.व। 2073.074 सम्मको स्रोतान्तर हुनुपर्ने रकम भैसकेको हुनु पर्नेछ । | | | | |
| २.९ | नयाँ सम्झौता भएको आयोजनाको सम्झौतासँग सम्बन्धित कागजातहरु पेश भएको हुनु पर्ने । | | | | |
| २.१ | आ.व.२०७५/७६ को बजेट अख्तियारी/LMBIS, स्वीकृत कार्यकम, जिल्लागत बाँडफाँड हुनेमा जिल्लागत र स्रोतगत बाँडफाँड पेश गर्नु पर्नेछ । | | | | |
| २.११ | अनुसूची ४ र अनुसूची-८ को प्रतिवेदन पेश गर्नु पर्ने । | | | | |
| २.१२ | परियोजनाको नाममा खोलिएको विशेष खाताको हिसाब Reconcile Statement र Bank Statement को प्रति माासिक रुपमा प्राप्त भएको हुनु पर्ने | | | | |
| २.१३ | यस आ.व. मा रकमान्तर/श्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र श्रोतगत अख्तियारी र कार्यक्रम समायोजन भैसकेको हुनु पर्ने | | | | |
| २.१४ | यस शाखामा रहेको आयोजनागत/स्रोतगत शोधभना वक्यौता हिसाबसँग आयोजनाको हिसाब भिडान भएको | | | | |
| २.१५ | DLI मा आधारित आयोजना/कार्यक्रम हरुको Progress report/ DLI rotation Plan सहित Project Agreement बमोजिमको विवरण पेश भएको । | | | | |
| २.१६ | Retroactive Financing भएका आयोजना/कार्यक्रम हरुको हकमा कुल आयोजना/कार्यक्रम लागत, Retroactive Financing अनुपात/प्रतिशत र शोधभर्ना हुने गरी भएको जम्मा खर्च खुलाई बिवरण पेश भएको । | | | | |
| २.१७ | निकासा फुकुवा दिने मितिमा सम्झौता अनुसार दातृ निकायमा आयोजना लेखा (Audited) बुझाउनु पर्ने अबधि नाघिसकेको भए आयोजना लेखा(Audited) बुझाएको हुनु पर्ने | | | | |
| २.१८ | नेपाल सरकार र दातृ निकाय बीच सहायता सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले सोभभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण सम्झौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको रकमको हिसाबको प्रमाणित बिबरण पेश गरि सो रकम कट्टा गरी मात्र निकासा फुकुवा माग गर्नु पर्ने । | | | | |

**आर्थिक प्रशासन प्रमुखको**

नाम :

दस्तखत :

**आयोजना प्रमुखको**

नाम :

दस्तखत :

उप-महालेखा नियन्त्रक

| | |
|---|---|
| सम्वन्धित मन्त्रालय | |
| आयोजनाको नाम: | |
| बजेट उप शिर्षक नं. | |

मिति २०७५।४।६ को निर्णय अनुसार तेस्रो चौमासिकको शोधभना श्रोत फुकुवा हुन आवश्यक बुदाहरुको Checklist

| कार्यबिधिको बुदा न. | कार्य बिधिको बिबरण | छ | छैन | अन्य/कैफियत | आवश्यक नपर्ने |
|---|---|---|---|---|---|
| ३.१ | आ.व. २०७४।०७५ प्रथम चौमासिकसम्मको शोधभना लिन बाँकी सबै रकम शोधभना प्राप्त भैसकेको हुनुपर्ने । सो नभएमा अर्थ मन्त्रालयबाट शोधभना बक्यौता रहे पनि श्रोत फुकूवा दिन सिफारिस भै आउनु पर्ने । | | | | |
| | श्री अर्थ मन्त्रालयको प.स. च.न. मिति (भए) | | | | |
| ३.२ | आ.व.२०७४।०७५ को आयोजनाहरुले दातृ निकायले निर्दिष्ट गरेको आयोजना लेखा (लेखा परिक्षण नभएको) पेश भएको हुनु पर्ने | | | | |
| | आयोजना लेखा (लेखा परीक्षण भएको) पेश गर्नु नपर्ने दातृ निकायहरुको स्रोत तर्फको हकमा दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निकासा खर्चको एकिकृत विवरण पठाएको जानकारी र विवरण पेश भएको हुनु पर्ने । | | | | |
| ३.३ | IPR/FMR दातृनिकायलाई पेश भएकोमा यस कार्यालयलाई एक प्रति प्राप्त हुनु पर्ने । | | | | |
| ३.४ | शोधभना वा कोषपुर्तिको लागि माँग पत्र/ FMR दातृ निकायमा पठाएकोमा सो को एक प्रति महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने । | | | | |
| ३.५ | दातृ निकायबाट शोधभना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदि रकम भएमा सम्बन्धित मन्त्रालयबाट फुकुवा सिफारिश भै आएको हुनु पर्ने । | | | | |
| ३.६ | बैंकले कमिशन लिएको भए सो पुष्ट्याइ हुने विवरण सहित सम्बन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भइ आएको हुनु पर्नेछ । | | | | |
| ३.७ | बेरुजु खातामा दाखिला गरेको रकमको बैंक भौचर पेश गर्नु पर्नेछ । | | | | |
| ३.८ | यस आ.व. मा रकमान्तर/श्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र श्रोतगत अख्तियारी र कार्यक्रम समायोजन भैसकेको हुनुपर्ने । | | | | |
| ३.९ | श्रोतगत रुपमा फरक पारी खर्च भएको वा Joint Financing Agreement अनुसार संसोधन गरी वजेट मिलान गर्नु पर्ने भए गरिसकेको हुनु पर्ने । | | | | |
| ३.१ | अनुसूची ४ र अनुसूची-८ को प्रतिवेदन पेश गर्नु पर्ने । | | | | |
| ३.११ | परियोजनाको नाममा खोलिएको विशेष खाताको हिसाब Reconcile Statement र Bank Statement को प्रति मासिक रुपमा प्राप्त भएको हुनु पर्ने । | | | | |
| ३.१२ | आ.व. २०७५/७६ को दोस्रो चोमासिक सम्मको शोधभना अभिलेख महालेखा नियन्त्रक कार्यालय, शोधभना शाखामा रहेको आयोजनागत/स्रोतगत अभिलेखसँग भिडान भई अद्यावधिक भएको हुनु पर्ने । | | | | |
| ३.१३ | DLI मा आधारित आयोजना/कार्यक्रम हरुको Progress report/ DLI Rotation Plan सहित Project Agreement बमोजिमको विवरण पेश भएको । | | | | |
| ३.१४ | Retroactive Financing भएका आयोजना/कार्यक्रम हरुको हकमा कुल आयोजना/कार्यक्रम लागत, Retroactive Financing अनुपात/प्रतिशत र शोधभर्ना हुने गरी भएको जम्मा खर्च खुलाई बिवरण पेश भएको । | | | | |
| ३.१५ | नेपाल सरकार र दातृ निकाय बीच सहायता सम्फौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्फौता गरी स्वायत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले सोभभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण सम्फौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको रकमको हिसाबको प्रमाणित बिवरण पेश गरि सो रकम कट्टा गरी मात्र निकासा फुकुवा माग गर्ने । | | | | |

**आर्थिक प्रशासन प्रमुखको**

नाम :

दस्तखत :

**आयोजना प्रमुखको**

नाम :

दस्तखत :

## अनुसूची १

शोधभना प्राप्तीको विवरण (दोश्रो चौमासिक फुकुवाको लागि)

| क.सं. | विवरण | अनुदान | ऋण | जम्मा |
|---|---|---|---|---|
| १. | आ.व. २०७३।७४ सम्मको शोधभर्ना प्राप्त हुन बांकी रकम | | | |
| २ | आ.व. २०७४।७५ को शोधभर्ना प्राप्त हुन बांकी रकम | | | |
| ३ | आ.व. २०७५।७६ को प्रथम चौमासिकको शोधभर्ना प्राप्त हुन बांकी रकम | | | |
| ४ | हिसाब समयोजन गरि शोधभना बाँकी रकम घटाउने/जोड्ने | | | |
| **५** | **जम्मा शोधभना प्राप्त हुन बाँकी रकम (१+२+३±४)** | | | |
| ६ | आ.व. २०७३।७४ सम्मको शोधभर्ना प्राप्त रकम | | | |
| ७ | आ.व. २०७४।७५ सम्मको शोधभर्ना प्राप्त | | | |
| ८ | आ.व. २०७५।७६ प्रथम चौमासिकको शोधभर्ना प्राप्त | | | |
| **९** | **आ.व. २०७५।७६ को प्रथम चौमासिक सम्मको जम्मा शोधभर्ना प्राप्त (६+७+८)** | | | |
| १० | आ.व. २०७३।७४ सम्मको शोधभर्ना प्राप्त हुन बांकी रकम (१-६) | | | |
| ११ | आ.व. २०७४।७५ को शोधभर्ना प्राप्त हुन बांकी रकम (२-७) | | | |
| १२. | आ.व. २०७५।७६ को प्रथम चौमासिक को शोधभर्ना प्राप्त हुन बांकी रकम (३-८) | | | |
| १३ | **खुद शोधभना बाँकी (५–९)** | | | |

आर्थिक प्रशासन प्रमुखको
नाम :
दस्तखत :

आयोजना प्रमुखको
नाम :
दस्तखत :

उप-महालेखा नियन्त्रक

## अनुसूची २

शोधभना प्राप्तीको विवरण (तेश्रो चौमासिक फुकुवाको लागि)

| क्र.सं. | विवरण | अनुदान | ऋण | जम्मा |
|---|---|---|---|---|
| १. | आ.व. २०७३।७४ सम्मको शोधभर्ना प्राप्त हुन बांकी रकम | | | |
| २ | आ.व. २०७४।७५ को शोधभर्ना प्राप्त हुन बांकी रकम | | | |
| ३ | आ.व. २०७५।७६ को प्रथम चौमासिकको शोधभर्ना प्राप्त हुन बांकी रकम | | | |
| ४ | आ.व. २०७५।७६ को दोस्रो चौमासिकको शोधभर्ना प्राप्त हुन बांकी रकम | | | |
| ५ | हिसाब समयोजन गरि शोधभना बाँकी घटाउने/जोड्ने | | | |
| ६ | **जम्मा शोधभना प्राप्त हुन बाँकी रकम (१+२+३+४±५)** | | | |
| ७ | आ.व. २०७३।७४ सम्मको शोधभर्ना प्राप्त रकम | | | |
| ८ | आ.व. २०७४।७५ सम्मको शोधभर्ना प्राप्त रकम | | | |
| ९ | आ.व. २०७५।७६ प्रथम चौमासिकको शोधभर्ना प्राप्त रकम | | | |
| १० | आ.व. २०७५।७६ दोस्रो चौमासिकको शोधभर्ना प्राप्त रकम | | | |
| ११ | **आ.व. २०७५।७६ को दोस्रो चौमासिक सम्मको जम्मा शोधभर्ना प्राप्त (७+८+९+१०)** | | | |
| १२. | आ.व. २०७३।७४ सम्मको शोधभर्ना प्राप्त हुन बांकी रकम (१-६) | | | |
| १३ | आ.व. २०७४।७५ को शोधभर्ना प्राप्त हुन बांकी रकम (२-७) | | | |
| १४ | आ.व. २०७५।७६ को प्रथम चौमासिक को शोधभर्ना प्राप्त हुन बांकी रकम (३-८) | | | |
| १५ | आ.व. २०७५।७६ को दोस्रो चौमासिकको शोधभर्ना प्राप्त हुन बांकी रकम (३-८) | | | |
| १६ | **खुद शोधभना बाँकी (६–११)** | | | |

आर्थिक प्रशासन प्रमुखको
नाम :
दस्तखत :

आयोजना प्रमुखको
नाम :
दस्तखत :

उप-महालेखा नियन्त्रक